# प्रेस विज्ञप्ति

मिति: २०६९/६/२३

## साझा यातायातले Euro III मापदण्डका शहरी बस खरिद गर्ने

साझा यातायात र भारतीय टाटा मोटर्स लिमिटेडका नेपालको लागि आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ्ग . संग १६ वटा शहरी बस खरीदको सम्झौता भएको छ। उक्त बसहरू ५४ सीट क्षमताका, LPO 1512/55 BS III Diesel मोडेलका हुनेछन्। नेपाल इन्भेष्टमेन्ट बैंकको पुल्चोक शाखाबाट टाटा मोटर्स लि. मुम्बई ईन्डियाको नाममा प्रतितपत्र खोल्ने काम हिजो सम्पन्न भएको छ।

अन्तर्राष्ट्रिय बोलपत्र प्रक्रिया अन्तर्गत खुला प्रतिस्पर्धामा चीन, हङकङ र भारत लगायतका ६ वटा बस निर्माता कम्पनीको नेपालको लागि आधिकारिक विक्रेताहरुद्वारा बोलपत्र पेश भएका थिए। १६ वटा बसको कर, भन्सार बाहेक करिब मूल्य ने.रु.३.३५ करोड पर्ने भएको छ, जुन साझा यातायातले आफ्नै स्रोतबाट जुटाएको छ।

साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितका अनुसार, "यी १६ वटा बसमार्फत साझा यातायातले काठमाडौं उपत्यकामा दुई नमूना रुटमा घुम्ती बस सेवा शुरू गर्नेछ। शहरी सार्वजनिक यातायातको मापदण्ड अन्तर्गत सुलभ, सुरक्षित र नियमित सेवा पुऱ्याउने हाम्रो योजना रहेको छ। यस किसिमको सार्वजनिक यातायात सेवा प्रदान गर्दा बस प्रयोग गर्ने सर्वसाधारणको संख्या बढ्ने हाम्रो अनुमान छ"।

साझाका कार्यकारी अधिकृत पदम लाल महर्जनका अनुसार, "टाटाको गोवा प्लान्टमा बस बडी निर्माण हुनेछ भने साझा सुरुआतका दशक हरियो रंगमा बसहरु सुसज्जित हुनेछ। साझा यातायातले कम प्रदुषण युक्त Euro III मापदण्डका बसहरु अर्डर गरिएको छ। बसको डेलिभरी प्रतितपत्र खोलेको १२० दिन भित्र हुनेछ"

"साझा यातायात संग १९६२ देखिको सम्बन्ध पुर्नस्थापना भएकोमा टाटा मोटर्स खुशी छ। नेपालको सार्वजनिक यातायात विकासमा थप सेवा पुऱ्याउन र सहकार्य गर्न हामि आशावादि रहेका छौं" प्रतिनिधि टाटा मोटर्स लि. नेपाल र भुटानका विनय नितिगेले भने।

साझा यातायात सरकारी तथा सर्व साधारणहरुको सदस्यतामा २०१८ सालमा सहकारी संस्थाको रुपमा स्थापना भएको हो। विगतमा यो संस्था केहि संस्थागत समस्याबाट प्रभावित भएको थियो तर २०६८ जेष्ठमा नयां संचालक समितिको गठन संगै संचालक समितिलाई काठमाडौं उपत्यका तथा विभिन्न जिल्लाहरुमा गुणस्तरिय सार्वजनिक यातायात सुचारु गर्ने जिम्मा दिईयो।

**सम्पर्क: महेन्द्रराज पाण्डेय, साझा यातायात,हरिहर भवन, ललितपुर**
**फोन नं: ०१-५५२४६७९/५५५२६८६**
**Website: www.sajhayatayat.com.np**